बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
सिन्धुली

# ब्याक्टेरियल पात डढुवा रोग (Bacterial leaf blight)

*Xanthomonas oryzae* नामक ब्याक्टेरियाले गर्दा हुने यो रोग धान रोपेको चार हप्तापछि देखिन्छ।

## अनुकूल अवस्थाः

- अधिक नाइट्रोजन,
- उच्च तापक्रम र आर्द्रता,
- निरन्तर वर्षा ।

## लक्षणहरूः

- पातको टुप्पोबाट सुरु भएर पूरै पात दुवै किनाराबाट पहेंलो वा खैरो पारेर सुकाउँछ ।
- कलिलो पातहरू ओइलाउँछन् ।
- पुराना पातहरू परालझैं सुकेर मोडिन्छन् ।



चित्र : ब्याक्टेरियल पात डढुवा रोग

## नियन्त्रणका उपायहरूः

- एकदलीय झारपातको पूर्ण नियन्त्रण गर्ने ।
- दलहन बालीसँग बाली चक्र अपनाउने ।
- खेतको सरसफाई र माटो खनजोत गर्ने ।
- पानीको उचित निकास गर्ने ।
- रोग लागेको खेतमा केही दिन पानी सुकाई दिने ।
- रोग प्रतिरोधी जातहरू जस्तै CH-45, IR-8, जानकी, पोखेली मसिनो आदिको प्रयोग गर्ने ।
- स्ट्रेप्टोमाइसिन सल्फेट ९% + टेट्रासाइक्लिन हाईड्रोक्लोराईड १% WP @ ०.२५ ग्राम प्रति लिटर पानीमा वीउलाई ३० मिनेटसम्म डुबाएर विउ उपचार गर्ने वा लक्षण देखिएका धान बालीमा छर्ने ।

संकलक तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली